जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाइँलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्ष: १२, अंक: १३४ पृष्ठ: ४ | २०८२ भदौ २९ गते आइतबार (Sunday 14 Sept. 2025) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com



गोलबजार नगरपालिका–८, पुरानो चौक चोहर्वामा दशकौँदेखि लाग्दै आएको चोहर्वा गुदरी हाटबजार जेनजी आन्दोलनपछि सरकारी निकायका कर्मचारी नआएपछि फोहोरले थिचिएको थियो । बजारको बिग्रँदो अवस्थालाई मध्यनजर गर्दै चोहर्वा बजार विकास समिती र स्थानीय युवाहरुले संयुक्त रुपमा सरसफाइ गरेका छन् । आगामी चाडपर्वलाई स्वागतयोग्य बनाउन बजार स्वच्छ र आकर्षक रहोस् भन्ने उद्देश्यले उनीहरुले बजार सफा गरेका हुन् । सरसफाइ अभियानले बजार क्षेत्रमा चहलपहल गर्ने व्यापारी, उपभोक्ता तथा स्थानीय बासिन्दामा खुशी र उत्साह थपेको छ ।

## रास्वपा सभापति लामिछाने नख्खु कारागार फिर्ता

काठमाडौं, २८ भदौ । राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने फेरि कारागार फर्केका छन् । जेनजी आन्दोलनका क्रममा रिहा हुनुभएका उहाँ आज आफै घोषणा गर्दै कारागार जानुभएको हो । लामिछानेलाई रास्वपाका कार्यवाहक सभापति डीपी अर्यालले कारागारसम्म सँगै गएर साथ दिनुभएको छ । लामिछानेले फेसबुक लाइभमा बोल्दै आफ्नो जन्मदिनमा कारागार जान लागेको बताउनुभएको थियो ।

आफ्नो कारणले देशभरका कैदीहरु जेलबाट भागेको भनेर बदनाम गर्न खोजिएको उहाँले दुःखेसो समेत पोख्नुभयो ।

## सैनिक ब्यारेकबाट घर पठाइन थाले निवर्तमान मन्त्रीहरू

काठमाडौं, २८ भदौ । नेपाली सेनाले नियन्त्रणमा लिएको निवर्तमान मन्त्रीहरुलाई छोड्न थालेको छ । जेनजी आन्दोलनका क्रममा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीसहित सबै मन्त्री र पार्टी प्रमुखहरुलाई सेनाले नियन्त्रणमा

**–बाँकी तीन पेजमा**

## रौतहटमा डुबेर बालिकाको मृत्यु

रौतहट, २८ भदौ । रौतहटको लालबकैया खोलामा नुहाउन गएकी एक बालिकाको डुबेर मृत्यु भएको छ । शनिबार बिहान जितिया पर्वको (नहायखाय) पर्वका लागि आमासँगै लाल बकैया नदीको सबगढामा नुहाउन गएकी गौर–६ बस्ने बैजु साहकी १० वर्षीया करिश्मा साहको डुबेर मृत्यु भएको हो । खोलामा नुहाउने क्रममा बिहान करिब १० बजे डुबेर बेपत्ता भएकी बालिकाको शव दिउँसो करिब १ बजे भेटिएको जिल्ला प्रहरी कार्यालय रौतहटका प्रहरी नायब उपरीक्षक राजु कार्कीले जानकारी दिए ।

नुहाउने क्रममा बालिका डुबी बेपत्ता भएको खबर पाउनासाथ अस्थायी प्रहरी पोस्ट, बसपार्कका प्रहरी सहायक निरीक्षक प्रमोदप्रसाद यादव र जिल्ला प्रहरी कार्यालय रौतहटका प्रहरी नायब निरीक्षक तुलप्रसाद पुडासैनीको नेतृत्वमा गएको टोलीले खोजी गरेको प्रहरी नायब उपरीक्षक कार्कीले जानकारी दिए ।




## सरसफाइमा जुटे लहानका युवा

**जीवछ यादव**

लहान,२८ भदौ । जेनजी पुस्ताका युवाहरूले आन्दोलन थालेको ठाउँबाट शनिबार बिहानदेखि सरसफाइमा जुटेका छन् । लहानको मुख्यचोक इलाका प्रहरी कार्यालयको अगाडि सडकमा टायर बालेर आन्दोलन थालेको ठाउँबाट सरसफाइमा जुटेका हुन । लहानको मुख्य चोकमा सरसफाइ थालेका युवाहरूले सरकार गठनको प्रक्रिया अघि बढिसकेको र आन्दोलनरत जेन–जी पुस्ताको माग पूरा हुने भएकाले रचनात्मक कार्यमा लाग्ने हरिदेव चौधरीले बताउनुभयो । "अब युवाहरू सरकारलाई सहयोग गर्ने कार्यमा जुटेको अभियान हो" उहाँले भन्नुभयो ।



यता लहान नगरपालिकाको कार्यालयमा बसेर काम गर्ने अवस्था नरेहेको प्रमुख प्रशासकीय अधिकृत जयकान्त झाले बताउनुभयो । उहाँका अनुसार नगरपालिकाको कार्यालयमा भएको आगजानी र तोडफोडबाट एक करोडभन्दा बढी मूल्यको कम्प्युटर फर्निचर जलेर नष्ट भएको छ । क्षतिको विवरण सङ्कलनको कार्य भइरहेको उहाँले बताउनुभयो । लहानको आन्तरिक राजस्व कार्यालय, यातायात व्यवस्था कार्यालय र नापी शाखामा पनि त्यही अवस्था रहेको छ । विभिन्न

**–बाँकी दुई पेजमा**

## चराचुरुङ्गीको संरक्षण गरौं

**चराचुरुङ्गीले:**

- पर्यावरणको सन्तुलन कायम गर्न सहयोग गर्दछ,
- चराहरुले किरा–फट्याङ्ग्रा खाएर रोग नियन्त्रणमा सहयोग पु–याउँछ,
- खेतीपातीमा विषादीको प्रयोग घट्छ,
- फलफूल खाएर बीउहरू विभिन्न स्थानमा फाली नयाँ वोटविरुवा उम्रनमा सहयोग पु–याउँछ,
- एउटा फूलबाट अर्को फूलमा गएर परागसेचन गराई फलफूल उत्पादन बढाउँछ,
- मृत जनावरको मासु खाई वातावरण सफा राख्न मद्दत पुर्‍याउँछ,
- चिरबिर आवाजले मन शान्त पारी तनाव कम गर्न मद्दत पु–याउँछ,
- जैविक विविधता बुझ्न, मौसम परिवर्तनको संकेत थाहा पाउन र वातावरणीय अध्ययन अनुसन्धानका लागि भूमिका खेल्छन्,
- प्राकृतिक सौन्दर्यतामा वृद्धि भई पर्यापर्यटनमार्फत आयस्रोतमा टेवा पु–याउँछ

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# सम्पादकीय

## उत्तरदायी नागरिक पत्रकारिताका सन्दर्भमा

एक्काइसौँ शताब्दी सूचना प्रविधिको युग हो, जसले सञ्चारको स्वरूप मात्र बदलिएको छैन, पत्रकारिताको परिभाषासमेत पुनर्लेखन गरिदिएको छ 'गाँस, बास र कपास' जस्तै सूचना र सञ्चार पनि अब मानिसको आधारभूत आवश्यकता बनेको छ । डिजिटल प्रविधिको विस्तारसँगै नागरिक पत्रकारिता एक सशक्त माध्यमका रूपमा अघि आएको छ, जसले प्रत्येक व्यक्तिलाई संचारकर्मी बन्ने अवसर दिएको छ ।

विशेषगरी जेनजी पुस्ता—डिजिटल नेटिभ्स—नागरिक पत्रकारिताको मुख्य धारक बनेका छन् । मोबाइल फोन र इन्टरनेटको माध्यमबाट उनीहरूले प्रत्यक्ष रूपमा सामाजिक गतिविधिमा भाग लिइरहेका छन् । सामाजिक अन्याय, भ्रष्टाचार, शासकीय कमजोरीहरू उजागर गर्दै नागरिक पत्रकारिताले सूचनाको लोकतान्त्रिक पहुँचलाई सुदृढ बनाएको छ ।

तर, यो सशक्त माध्यमले अनेकौं चुनौती पनि बोकेको छ तथ्य प्रमाणीकरणको अभाव, आचारसंहिताको बेवास्ता, सनसनीपूर्ण र अतिशयोक्तिपूर्ण सामग्रीको बाढीले गलत सूचना फैलाउने खतरा निम्त्याएको छ । विशेषगरी संकट र पीडाका क्षणमा संवेदनशीलता नदेखाइनु, बीभत्स दृश्यको प्रयोग, र एआईद्वारा सिर्जित भ्रामक सामग्रीहरूले सामाजिक सद्भावमा चोट पुऱ्याइरहेका छन् ।

यसकारण, नागरिक पत्रकारिताको जिम्मेवारीबोध अझ सशक्त र गम्भीर हुन आवश्यक छ । सूचनाको विश्वसनीयता, सत्यता र सन्तुलन कायम राख्दै सामाजिक हित र राष्ट्रिय उत्तरदायित्वप्रति सजग रहनु आवश्यक छ । डिजिटल साक्षरता, मिडिया शिक्षाको विस्तार, र स्वतःअनुशासनले मात्र नागरिक पत्रकारिता जिम्मेवार बन्छ ।

निष्कर्षतः नागरिक पत्रकारिता सशक्त लोकतन्त्रको मेरुदण्ड बन्न सक्ने सम्भावना बोकेको माध्यम हो, तर यो सम्भावना तभी साकार हुन्छ, जब प्रत्येक नागरिक पत्रकारले सत्यता, संवेदनशीलता र उत्तरदायित्वको उच्चतम मापदण्ड पालना गर्छ। सत्य सूचना र सकारात्मक सोचका साथ देश विकासको दिशामा अघि बढोस् यही शुभकामना।

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो । समाजबाट छुवाछुत प्रथा हटाउने दायित्व प्रत्येक नागरिकको हो । छुवाछुतलाई कानूनले दण्डणीय अपराध घोषणा गरेको छ ।

# जेन–जी आन्दोलन : सच्चिएलान् पुराना दल ?



देशमा छोटो समयमा नै धेरै ठूलो राजनीतिक परिवर्तन भएको छ । जेन–जीको दुई दिनको आन्दोलनले नेपालका राजनीतिक दलहरूलाई नयाँ शिक्षा दिएको छ । यो शिक्षाबाट राजनीतिक दलहरूले ज्ञान लिएर आफूलाई पुनर्गठित गर्छन् कि पुरानै ढर्राले चल्छन्, अझै हेर्न बाँकी छ । राजनीतिक दलहरूका तेस्रो तहका नेताहरू भने अहिले पहिलो र दोस्रो पुस्ताका नेताहरूले राजनीतिबाट बिदा लिनुपर्ने बताइरहेका छन् । तर, दलका प्रमुख नेताहरूले भने अहिलेसम्म पुस्तान्तरणका बारेमा कुनै अभिव्यक्ति दिएका छैनन् । पार्टीका मुख्य नेतृत्वका कारण अहिलेको अवस्था आएको भन्दै बाहिर मात्र होइन, पार्टीभित्र पनि आक्रोश बढ्दै गएको छ ।

लामो समयसम्म पार्टी नेतृत्व, सत्ता र शक्तिमा बसेर समाज बुझ्न नसक्दा अहिलेको जेन–जी आन्दोलन भएको राजनीतिक दलका तेस्रो पुस्ताका नेताहरू बताउन थालेका छन् । जेन–जी आन्दोलन भड्केसँगै तेस्रो पुस्ताका नेताहरू आन्तरिक छलफलमा रहेका छन् ।

जेन–जी आन्दोलनले 'नेपो बेबी' र 'अकुत सम्पत्ति' भन्दै आन्दोलनको सुरुवात गरेका थिए । आन्दोलनको केन्द्रमा सुरुमा नै पार्टीका नेतृत्व रहेका थिए । नेपाली कांग्रेसका महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माले पनि आफ्नो नेतृत्वलाई बिदा गर्ने संकेत गरेका छन् । थापाले भनेका छन्, 'हामीले आउँदो पुस्ताका लागि राजनीति गर्ने हो भने जेन–जी पुस्ताको भावनालाई सुन्नैपर्छ, त्यसका लागि विगतमा भएका कमजोरीमा माफी मागौँ ।'

शुक्रबार विभिन्न राजनीतिक दलका दोस्रो तहका १६ जना नेताले सामूहिक विज्ञप्तिमार्फत जनमत बुझ्न नसक्दा अहिलेको अवस्था आएको भन्दै आत्मालोचना गरेका छन् । उनीहरूले आफ्ना पार्टीलाई लोकतन्त्रीकरण र जनमतअनुसार अघि बढाउने प्रतिबद्धतासमेत जनाएका छन् ।

अब राजनीतिक दलहरूले करेक्सन मात्र होइन, बाटो नै परिवर्तन गर्नुपर्ने राजनीतिक विश्लेषक श्याम श्रेष्ठले बताए । उनले भने, 'अब राजनीतिक दलहरू र त्यसका नेतृत्वहरूले आफ्नो स्वरूप बदल्नुपर्छ । कहाँकहाँ कति गल्ती भयो ? कुन हदको भयो भन्ने रिभ्यु गर्नुपर्छ ।'

राजनीतिक दलका पहिलो पुस्ताको राजनीति सकिएको मात्र नभएर जेन–जीको घटनाले लछारपछार पारेको राजनीतिक विश्लेषक नरेन्द्रजंग पिटर बताउँछन् । उनले भने, 'लोकतन्त्र भन्दै लुटतन्त्रमा नेताहरू लागेका थिए । नेताहरूले मच्चाएको लुटतन्त्रका कारण जेन–जी आन्दोलन भयो । जेन–जी आन्दोलनमा एजेन्सीहरूले आफ्नो स्वार्थ पूरा गरे । एजेन्सीहरूले नेपाल ध्वस्त बनाउन सफल भए, जसको क्षति देशले भोग्नुपऱ्यो ।'

देशको अवस्था कुन ठाउँमा पुग्यो भन्ने कुरा प्रधानमन्त्री जेन–जी पुस्ताबाट नआउनुले देखाएको पिटर बताउँछन् । उनले भने, 'जेन–जीबाट प्रधानमन्त्री नभएको घटनाले पार्टी र नेताहरूलाई चुनौती दिएको छ । अब सच्चिएर जानुपर्छ । अहिले नेताहरूको अपराधको सजाय देशले भोग्यो । अब नेता र कार्यकर्ताले शिक्षा लिनुपर्छ ।'

राजनीतिक दलका नेताहरूले देश कंगाल बनाएर आफू सम्पन्न भएको श्रेष्ठ बताउँछन् । उनले भने, 'आफू धनी भए देश कंगाल बनाए । जनताको कुरा सुन्नै चाहेनन् । उनीहरूले कहिल्यै पनि आत्मालाप गरेनन् । अति भएको थियो । २०७९ सालको निर्वाचनमा नै पार्टीलाई सु न भनेको थियो । रास्वपालाई पहिलोपटक नै २० सिट दियो । त्यो भनेको दलहरूलाई सुि न दिएको सन्देश थियो । बुझ्न चाहेनन् ।'

राजनीतिक दलका नेतृत्वले अर्को पुस्तालाई नेतृत्व दिएन भने फेरि सकिने बाटोमा हिँड्नु हुने श्रेष्ठ बताउँछन् । उनले भने, 'अहिले भएको घटनाले नयाँ पुस्तालाई नेतृत्वमा ल्याऊ भनेको हो । अब कोर्स करेक्सन गर भनेको हो ।'

माओवादीका उपमहासचिव जनार्दन शर्माले संसद विघटनसँगै पुराना र नयाँ भनिएका पार्टीहरू पनि विघटनको दिशामा पुगेको बताएका छन् । उनले अब आन्दोलनको 'म्यान्डेट' र जनअपेक्षाअनुसार गम्भीर आत्मसमीक्षासहित पुनर्गठन र पुनर्संरचनामा लाग्नुपर्ने बताएका छन् । उनले भनेका छन्, 'संसद विघटनसँगै पुराना र नयाँ भनिएका पार्टीहरू पनि विघटनको दिशामा पुगेका छन् । अब आन्दोलनको म्यान्डेट र जनअपेक्षाअनुसार गम्भीर आत्मसमीक्षासहित पुनर्गठन र पुनर्संरचनाको महाअभियान सुरु गरौँ ।' शर्माले लामो समयदेखि माओवादी पार्टीलाई पुनर्गठन गर्नुपर्ने माग गर्दै आएका थिए । पार्टीका बैठकमा अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'का राजनीतिक प्रस्तावविरुद्ध फरक मत राख्दै आएका थिए ।

कांग्रेसका महामन्त्री गगन थापाले पनि जेन–जीको आन्दोलन लगतै सामाजिक सञ्जालबाट आफूहरू पार्टी सुधार गर्न र नेतृत्व परिवर्तन गर्न लाग्ने बताएका छन् । उनले भनेका छन्, 'जेन–जीले देश चलाउने हो । हामी पार्टी सुधार गर्न र नेतृत्व परिवर्तन गर्न लाग्नेछौँ ।' थापाले माफी माग्दै सुि ने वाचासमेत गरेका छन् । माओवादी र एमाले सम्बद्ध तेस्रो पुस्ताका दश जन युवा नेताहरूले २५ भदौमा नै सामूहिक विज्ञप्ति निकालेर आफूहरू आफूसम्बद्ध दलहरूभित्र रहेका खराबी, विकृति र समस्याहरूको समाधानका लागि दलको आमूल परिवर्तन गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए । उनीहरूले भनेका थिए, 'विगतका कमजोरीहरूप्रति गम्भीर आत्मालोचना गर्दछौँ । राज्यको प्रगतिशील रूपान्तरण गर्दै जनताको आकांक्षाअनुरूप विकास, न्याय र समृद्धिको यात्रामा सबैसँग हातेमालो गर्ने अवसर आगामी दिनहरूमा अझ विकसित हुँदै जाने अपेक्षासमेत गर्दछौँ ।' शिलापत्रबाट

*सरसफाइमा ...*

कार्यालयबाट जेन–जी आन्दोलनको नाउमा मौकाको फाइदा उठाउनेहरूले कार्यालयको कम्प्युटर र लहान –१ स्थित खाद्य व्यवस्था कम्पनी लिमिटेडको गोदाम तोडेर मोटरसाइकल सिटी रिक्सामा समेत चामल लोड गरेर लगेका व्यक्तिहरूले सात दिनभित्र लगेका समान फिर्ता गर्न जिल्ला प्रशासन कार्यालय सिराहाले सार्वजनिक सूचना जारी गरेको छ ।

लुटेर लगेका चिनी, चामल र विभिन्न सामानहरू, ल्यापटप र कम्प्युटर फिर्ता नगरे सुरक्षित प्रमाणको आधारमा पक्राउ गरिने प्रमुख जिलला अधिकारी बसन्त अधिकारीले बताउनुभयो ।

# मानवअधिकार आयुक्त सूर्य ढुंगेलले दिए राजीनामा

काठमाडौं, २८ भदौ । राष्ट्रिय मानवअधिकार आयोगका आयुक्त सूर्य ढुंगेलले आफ्नो पदबाट राजीनामा दिएका छन् । आयोगका अध्यक्ष तपाबहादुर मगरलाई सम्बोधन गरी उनले राजीनामा दिएका हुन् । राष्ट्रपतिलाई संवैधानिक प्रावधानअनुसार औपचारिक रूपमा राजीनामा बुझाउने तयारी रहेको उनको भनाइ छ । ढुंगेलले फोनमार्फत निर्णयको जानकारी दिँदै लिखित राजीनामा आइतबार राष्ट्रपतिलाई बुझाइने बताए । राजीनामापत्रमा उनले हालै राष्ट्रपतिबाट पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीलाई नेपालको पहिलो महिला प्रधानमन्त्री नियुक्त गरिएको कदमलाई ऐतिहासिक भन्दै स्वागत गरेका छन् । पत्रमा उनले भनेका छन्, 'कार्कीको नेतृत्वमा बनेको मन्त्रिपरिषद्ले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समर्थन जुटाएर शान्ति, कानुनको शासन, मानवअधिकार र संवैधानिक व्यवस्थाको पुनर्स्थापना गर्नेछ भन्ने विश्वास गरेको छु ।'

ढुंगेलले साधारण नागरिकको हैसियतमा नयाँ सरकारलाई आफ्नो पूर्ण समर्थन रहेको बताउँदै राजीनामा दिएर आफूले मानवअधिकार आयोगमा अझसक्षम, योग्य र ऊर्जाशील व्यक्तिलाई नियुक्त गर्ने अवसर दिन चाहेको स्पष्ट पारेका छन् । राजीनामा पत्रमार्फत उनले आयोगका अध्यक्ष, सहआयुक्त, सचिव तथा सम्पूर्ण कर्मचारीप्रति आभार व्यक्त गरेका छन् । ढुंगेलले आफ्नो कार्यकाललाई "उत्पादक र स्मरणीय" रहेको भन्दै सहकर्मीहरूप्रति सहयोगका लागि धन्यवाद ज्ञापन गरेका छन् ।

# ८ दलको संयुक्त विज्ञप्ति : संसद् विघटन तत्काल फिर्ता लिइयोस्




काठमाडौं, २८ भदौ । विघटित प्रतिनिधिसभाका ८ वटा राजनीतिक दलहरूले प्रतिनिधिसभा विघटनलाई असंवैधानिक भनेका छन् । नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, जसपा, जनमत पार्टी, लोकतान्त्रिक समाजवादी पार्टी र नागरिक उन्मुक्ति पार्टीले संयुक्त विज्ञप्ति जारी गर्दै प्रतिनिधिसभा विघटनलाई संविधानमाथिको प्रहार भनेका छन् । 'यस्तो कार्यले नेपाली जनताको मताधिकारको अवमूल्यन गर्नुका साथै संवैधानिक सर्वोच्चता र संविधानमाथि प्रहार गरेको छ,' जारी विज्ञप्तिमा उल्लेख छ ।

शुक्रबार नवनयुक्त प्रधानमन्त्री सुशीला कार्कीको सिफारिसमा राष्ट्रपति रामचन्द्र पौडेलले प्रतिनिधिसभा विघटन गरेका थिए । ८ वटा राजनीतिक दलहरूले भने विज्ञप्ति जारी गर्दै प्रतिनिधिसभा पुनर्स्थापनाको माग गरेका छन् । विज्ञप्तिमा भनिएको छ, 'प्रतिनिधिसभा विघटन गरिएको भनिएको निर्णय फिर्ता लिइ तत्काल संसदको बैठक बोलाई जनता र आन्दोलनरत समूहको माग जननिर्वाचित संस्थाबाटै सम्बोधन हुने वातावरण सिर्जना गर्न सम्बन्धित सबैसँग जोडदार माग गर्दछौं ।'

# जेनजीलाई अवसरसँगै सुशासन कार्यान्वयनको चुनौती

## साझा सुशासन, संविधान संशोधनको एजेन्डा बोकेका युवाहरू संगठित भएर अघि बढ्नुपर्छ ।




देशमा सामाजिक सञ्जाल प्रतिबन्ध र कुशासनविरुद्ध भदौ २३ र २४ गतेको जेनजीको आन्दोलन, युवाहरूसहित ५१ नेपालीको सहादतले नयाँ अध्यायको सुरुवात भएको छ । केपी शर्मा ओलीको हठतन्त्रले उत्पन्न गरेको विषम परिस्थिति तत्कालका लागि टरेको छ । जेनजीको प्रस्तावअनुसार पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा अन्तरिम सरकार गठन र संसद् विघटनसँगै देश सामान्य अवस्थामा फर्किन खोजिरहेको छ । यसबाट युवामा उत्साह बढेको छ । भ्रष्टाचार, कुशासन तथा बेतिथिको अन्त्य हुने आशाको किरण जागेको छ । तर, यो मार्ग सजिलो भने छैन । सुशीला कार्की नेतृत्वको सरकार अन्तरिम हो । यसको आयु आगामी फागुन २१ गते घोषणा गरिएको प्रतिनिधिसभाको निर्वाचनसम्मलाई मात्र हो ।

यो सरकार केही महत्वपूर्ण कदमको विजारोपण गर्न सक्छन् होला । तर, चीरकालसम्म सुशासनको लागि संविधान र कानुन उपयुक्त हुनु पर्दछ। अन्तरिम सरकारलाई चुनौतीसँगै पर्याप्त अवसर आएको छ । देश र यसको प्रत्येक निकाय कानुनले चल्ने हो, कुनै व्यक्तिको भनाइ वा भावनाले होइन । व्याप्त भ्रष्टाचार नियन्त्रण गर्ने एकमात्र उपाय भनेको कठोर कानुनी व्यवस्था र त्यसको इमान्दार कार्यान्वयन हो । जबसम्म कडा कानुन निर्माण र लागू हुँदैन, जबसम्म भ्रष्टाचारीको सम्पत्ति जफत हुँदैन, तबसम्म हामीले सपना देखेको सुशासन सम्भव छैन । समाजमा कानूनको डर अनिवार्य हुनुपर्छ—जसरी जघन्य अपराध गर्नुअघि मान्छेमा सजायको भय हुन्छ। त्यसरी नै भ्रष्टाचार गर्नु अघि कानुनसँग डर होस् ।

तर अहिलेसम्मको कानुन भ्रष्टाचारविरुद्ध पर्याप्त कठोर छैन । जे जति व्यवस्था छ, त्यसमा पनि अनेकौँ छिद्र छन्। यसको नजिर विशेष अदालतमा प्रयाप्त भेटिन्छन् । किन भने अख्तियार दुरुपयोग अनुसन्धन आयोगले विशेष अदालतमा दायर गर्ने अधिकतम भ्रष्टाचार मुद्दामा सफाइ पाउनेहरू बढी देखिन्छन् । करोडौं अर्बौंको भ्रष्टाचार गर्नेहरू समान्य धरौटीमा छुट्ने गरेको, भ्रष्टाचार प्रमाणित हुँदा पनि थोरै सजाय पाउने, सर्वोच्चमा पुनरावेदन गरेर सफाई वा थोरै सजाय पाउने कयौं घटनाहरू छन् । यसले अदालहरूको निस्पक्षतामाथि पनि प्रश्न छ ।

देशका कथित ठूला एवं शक्तिशाली नेता/कर्मचारी वा भ्रष्टाचार काण्डका फाइल अख्तियारमा थन्कने, कारबाही प्रक्रिया अघि नबढ्ने भनेर अख्तियारमाथि समेत पटक पटक प्रश्न उठ्ने गरेको छ । न्यायिक र संवैधानिक निकायमा दलगत भागबण्डाका आधारमा हुने नियुक्ति र त्यस्ता पदाधिकारीको कार्यशैलीले जनमानसमा शंका पैदा गरेको छ। राजनीतिक आडमा आफ्नालाई जोगाउने र विपक्षीलाई दमन गर्ने प्रवृत्तिले न्यायप्रति अविश्वास बढाएको छ । पदको दुरुपयोग गरेर अकुत सम्पत्ति आर्जन गर्नेहरू राजनीतिक संरक्षण र पैसाको बलमा उन्मुक्ति पाउँछन् । भ्रष्टाचारीहरू समाजमा राजा हरिशचन्द्रझैँ सगर्व हिँडिरहेका छन् र विलासी जीवन बाँचिरहेका छन् ।

यो नै भ्रष्टाचारलाई थप प्रोत्साहन गर्ने कारण बनेको छ । त्यसैले कडा कानुन निर्माण र त्यसको कार्यान्वयनमा पूर्ण इमान्दारी नभएसम्म देशलाई भ्रष्टाचार मुक्त त के नियन्त्रण समेत गर्न सकिँदैन । भ्रष्टाचार नियन्त्रणका लागि कठोर कानुन बनाउन, स्थायी सरकारको लागि प्रत्यक्ष निर्वाचित कार्यकारी प्रधानमन्त्रीको व्यवस्था र संविधानमा दल, नेता तथा बिचौलियाका स्वार्थपूर्ण प्रावधानहरू संशोधन वा पुनर्लेखन गर्नुपर्दछ । यो अत्यन्त चुनौतीपूर्ण छ । यसका लागि दुईतिहाइ बहुमत चाहिन्छ, जुन संवैधानिक प्रावधानअनुसार चुनावमार्फत मात्र सम्भव हुन्छ । यदि आगामी निर्वाचनमा यस्ता साझा एजेण्डा बोकेका युवाले दुईतिहाइ बहुमत सुनिश्चित गर्न सके भनेमात्र संविधान संशोधन सम्भव हुन्छ, नभए यो कार्य फलामे च्युरा चपाएजस्तो कठिन हुनेछ ।

देशमा हालैसम्म पनि दलहरूको प्रभुत्व छ । केन्द्रदेखि टोलसम्मै दलका कमिटीले नियन्त्रण जमाइरहेका छन् । आगामी चुनावमा पनि ती दलहरूको प्रभावशाली उपस्थिति हुने सम्भावना प्रबल छ। जसले फेरि पुरानै अवस्था दोहोरिन सक्ने संकेत दिन्छ । त्यसैले अबको जेनजी पुस्ताले देशभक्त, इमान्दार र चरित्रवान युवा तथा प्रतिष्ठित व्यक्तिहरूलाई जोडेर टोल–टोलमा अभियान सञ्चालन गर्नुपर्ने हुन्छ । साथै जनतालाई परिवर्तनशील सोच बनाउन, सचेत बनाउन र 'हाम्रो' होइन 'राम्रा' लाई मत दिन प्रेरित गर्नुपर्छ। मतदाता इमान्दार नभएसम्म सुशासनको कल्पना गर्न सकिंदैन ।

मतदाताको कमजोरीको फाइदा उठाएरै नेताहरूले अहिलेसम्म जित्दै आएका छन् र समाजसेवामुखी हुनुपर्ने राजनीति भ्रष्टाचारको साधन बनेको छ । अहिले पनि मतदातामा दलप्रतिको लगाव, पार्टीको चुनावी छापप्रतिको वफादारी र आर्थिक रूपमा कमजोर वर्गले सानो रकम वा भोजभतेरका आधारमा मत दिने परम्परा विद्यमान छ । कतिपय ठाउँमा वर्गीय, जातीय र सामुदायिक आधारमा मत दिने प्रवृत्ति पनि बलियो छ। हाम्रो चुनावी व्यवस्था खर्चिलो छ। यसले जतिसुकै राम्रा मान्छे भए पनि आर्थिक रुपमा कमजोर भए जित्न सक्ने सम्भावना न्युन हुन्छ । यी सबै प्रवृत्तिहरू अन्त्य नगरेसम्म स्वच्छ, निष्पक्ष, इमान्दार र दक्ष व्यक्तिहरू चुनावबाट चुनिन सक्दैनन् ।

जबसम्म योग्य र कर्तव्यनिष्ठ व्यक्तिहरू जनप्रतिनिधिमा आउन सक्दैनन्, तबसम्म राम्रो सरकार बन्न सक्दैन । संविधान संशोधन सम्भव हुँदैन र सुशासन कायम हुन सक्दैन । उल्टै, फेरि उही भ्रष्ट प्रवृत्तिको वर्चस्व कायम रहिरहनेछ । हाम्री जस्तै साझा सुशासन, संविधान संशोधनको एजेन्डा बोकेका युवाहरू संगठित भएर अघि बढ्नुपर्छ । जेनजीको आन्दोलन र अन्तरिम सरकार बनाउने कार्यमा महत्वपूर्ण भूमिका र आम युवाका आशाका किरण बालेन्द्र साह जस्ता युवाले नेतृत्व सम्हालेर अभियान थालुन् ।

अनलाइन खबरबाट

### सैनिक ब्यारेकबाट ...

लिएको थियो । सेनाले सुरक्षाका निम्ति भनेर नियन्त्रणमा लिएका तत्कालीन मन्त्रीहरुलाई विभिन्न गणमा राखिएको थियो । त्यस मध्ये भैरवनाथ गणमा राखिएका निवर्तमान मन्त्रीहरुलाई सेनाले आज छोडेको छ ।

सुरक्षाका लागि भनेर सेनाले नियन्त्रणमा लिएकाहरुको मोबाइल चलाउन रोक लगाएको थियो । तर सुशीला कार्कीले प्रधानमन्त्री पदको शपथ लिएपछि नियन्त्रणमा लिएको मोबाइल चलाउन दिइएको थियो । शनिबारबाट भने घर फर्कन दिइएको निर्वतमान एक मन्त्रीले बताए ।

# जेनजी प्रदर्शनको मौका छोपेर ढालिए सयौँ सालका रुख

महोत्तरी, २८ भदौ । जेनजी प्रदर्शनको मौका छोपेर महोत्तरीको वन क्षेत्रमा सयौँको सङ्ख्यामा साल (सखुवा) का रुख ढालिएका छन् । पूर्वपश्चिम राजमार्गबाट बर्दिबास–५ टुटेश्वरधाम र गणन्ता बस्ती जाने सडक छेउका दुई सय २५ वटा सालका रुख ढालिएका डिभिजन वन कार्यालय महोत्तरीले पुष्टि गरेको छ । बर्दिबास–५ मा पर्ने टुटेश्वर साझेदारी वन उपभोक्ता समितिको क्षेत्रमा पर्छ । 'गत मंगलबारदेखि बिहीबार रातिसम्म यी रुख काटिएको हुनुपर्छ । जेनजी आन्दोलनले सर्वसाधारण र वन कर्मचारीको आउजाउ निकै पातलिएको बेला पारेर रुख ढालिएका हुन्', डिभिजन वन कार्यालय महोत्तरीका प्रमुख अजय मिश्रले भने– 'यो जघन्य अपराधमा संलग्नको खोजी भइरहेको छ ।' गढन्ता सडक छेउका नौ र अरू रुख टुटेश्वर सडक छेउका काटेर ढालिएका छन् ।'

गत मंगलबार केही मान्छे पूर्वपश्चिम राजमार्ग छेउकै वन क्षेत्रभित्रको टुटेश्वर साझेदारी वन उपभोक्ता समितिको कार्यालय आगजनी र तोडफोड गर्ने प्रयासमा पुगेको बुझिएको उनको भनाइ छ । उनीहरूले सो दिन कार्यालयमा समितिका पदाधिकारी र कर्मचारी देखेपछि तोडफोड नगरे पनि त्यसयता दुई सडक किनार (टुटेश्वर र गणन्ता सडक) छेउका रुख ढालेका हुन सक्ने अहिले उनको भनाइ छ । शुक्रबार सर्वसाधारण र कर्मचारीको आउजाउ बढेपछि ढालिएका रुख देखिएका हुन् । डिभिजन वन कार्यालयले तत्काल यस घटनामा संलग्नको खोजतलास थालेको छ । 'हामीले सूक्ष्म तवरले अनुसन्धान थालेका छौँ, घटनामा संलग्नको पहिचान गरेर कारबाही गर्छौं', डिभिजन वन कार्यालय प्रमुख तथा वरिष्ठ वन अधिकृत मिश्रले भने ।

दुवै सडक छेउका रुख काटिएका हुँदा यो सडक विस्तार प्रयोजनले काटिएका हुन् कि भन्ने वन अधिकारीहरूको अनुमान छ । 'सबै रुख सडक छेउकै काटिएका छन् । तस्करले काटेका भए अलिभित्र झट्ट आँखा नपर्ने ठाउँ छान्थे होलान् भन्ने लाग्छ', मिश्र भन्छन्, 'यसबारे बर्दिबास नगरपालिकाका जनप्रतिनिधि र गणन्ता तथा टुटेश्वर बस्तीका बासिन्दासँग कुरा बझ्दैछौँ ।' टुटेश्वर साझेदारी वन उपभोक्ता समिति वि.सं २०६८ मा बनेको हो । यो वन क्षेत्र ९९८.९८ हेक्टर क्षेत्रफलमा छ । यहाँका ढलापडा (ढलेका, धोद्रिएका र बाढीले बगाएर ल्याएका) रुख डिभिजन वन कार्यालयको प्रत्यक्ष रेखदेखमा साझेदारी वन उपभोक्ता समितिले उपभोक्तालाई सहुलियत मूल्यमा उपलब्ध गराउँदै आएको छ । यस वनबाट ३० हजार बढी जनसङ्ख्या लाभान्वित छन् । यस साझेदारी वनबाट लाभ लिने गौशाला नगरपालिकाका वडा नम्बर १, २, ३, ४, ५ र ८ एवं बर्दिबास नगरपालिका–५ का उपभोक्ता छन् । यस वन क्षेत्रमा बहुमूल्य मानिने सालका रुख ४२ प्रतिशतमाथि रहेका डिभिजन वन कार्यालय महोत्तरीले जनाएको छ ।

जिल्लामा विभिन्न साझेदारी, सामुदायिक, सागरनाथ वन विकास परियोजना, सरकारबाट व्यवस्थित राष्ट्रिय वन, कवुलियती र धार्मिक वनसहित जम्मा २२ हजार दुई सय ४६ हेक्टर वन क्षेत्र रहेको डिभिजन वन कार्यालयको अभिलेखमा उल्लेख छ । सडक विस्तार, बिजुलीको लाइन विस्तार, पूर्वपश्चिम रेल र अतिक्रमणको चपेटामा वन पर्दै आएको छ । वि.सं २०३६ को जनमत संग्रहको रापतापको बेलामा निकै वन फडानी भएको वन क्षेत्र नजिकका बस्तीका बुढापाका सम्झन्छन् । प्रत्येकजसो राजनीतिक आन्दोलनको रापतापमा वन क्षेत्र मासिने, फाँडिने र अतिक्रमणको चपेटामा पर्ने गरेको बर्दिबास–५ गणन्ताका बासिन्दा करिब ९० वर्षीय सामाजिक अगुवा धनबहादुर स्याङ्वा सम्झन्छन् ।

वि.सं २०३६ यता विभिन्न आन्दोलनको समयको सेरोफेरोमा वन फाँडेर बस्ती बसाउने क्रमले राजनीतिक संरक्षण प्राप्त गर्दा यहाँ पाँच हजार हेक्टरभन्दा बढी वन क्षेत्र अतिक्रमणको चपेटामा परेको वन अधिकारी नै स्वीकार गर्छन् । जिल्लामा ७६ सामुदायिक, तीन साझेदारी, एक धार्मिक, राष्ट्रिय वन, कवुलियत वन र सागरनाथ वन विकास परियोजनाका वन प्लट छन् । जसमा सबैभन्दा बढी सामुदायिक वन सात हजार नौ सय ४५, सागरनाथ वन विकास परियोजना छ हजार दुई सय ४५, साझेदारी वन चार हजार सात सय ९१, राष्ट्रिय वन तीन हजार दुई सय ४५, धार्मिक वन २१.०५ र कवुलियती वन १९.३४ हेक्टरमा रहेको डिभिजन वन कार्यालय महोत्तरीको अभिलेखमा उल्लेख छ ।

# सामान फिर्ता नभए कारबाही गर्छौं : सिरहा प्रशासन

**विनय आजाद**

सिरहा, २८ भदौ । जेनजी आन्दोलनका क्रममा लुटपाट तथा चोरी गरी लगिएका सामान फिर्ता गर्न सिरहाले प्रशासनले अनुरोध गरेको छ । आन्दोलनका क्रममा सरकारी कार्यालय तथा प्रतिष्ठानहरूमा तोडफोड र आगजनी गर्दै खाद्यान्न, जिन्सी सामान, नगद रकमलगायतका सार्वजनिक सम्पत्ति लुटपाट तथा चोरी गरी घरसम्म लगेको भन्ने प्रमाण सामाजिक सञ्जालमा स्पष्ट रहेको शुक्रबार जारी सूचनामा उल्लेख छ । शनिबारको मितिदेखि सात दिनभित्र उक्त सरसामान फिर्ता गर्न

–बाँकी अन्तिम पेजमा

# विभिन्न कारागारबाट भागेका तीन जना कैदिबन्दी सिरहाको भारतीय सीमाक्षेत्रबाट पक्राउ




सिरहा, २७ भदौ । सिरहा प्रहरीले जेएनजी आन्दोलनको क्रममा विभिन्न कारागारबाट फरार भएका तीन जना कैदि बन्दीहरुलाई भारतीय सीमाक्षेत्रबाट नियन्त्रणमा लिएको छ । जेएनजीको आन्दोलनको क्रममा कारागार कार्यालय जलेश्वर र बाल सुधार गृह विर्ता पर्साबाट भागेका मध्य तीनजनालाई नेपाल भारत सीमाबाट भारतीय प्रहरीको सहयोगमा तीयन्त्रणमा लिउको हो । जिल्ला प्रहरी कार्यालय सिरहा सूचना अधिकारीसमेत रहेका डीएसपी विरेन्द्र कुमार पासवानको नेतृत्वमा खटिएको टोलीले नेपाल भारत सीमाबाट भारतीय प्रहरीको सहयोगमा जलेश्वर कारागारबाट भागेको बन्दी
२६ वर्षिय रुपेश कुमार वैदारलाई नियन्त्रणमा लिएको जनाएको छ। उनी लागूऔषध र हातहतियार खरखजनामा पूर्पक्षका लागि जलेश्वर गारागारमा रहेका थिए । बाल सुधार गृह, विर्ता पर्साबाट भागेका बाल बिज्याईकर्ता १४ वर्षिय मो. सद्दाम अन्सारी र १५ वर्षिय मो. सहमद नदाफलाई पक्राउ गरी सम्वन्धित कार्यालयमा पठाउन समन्वय गरिरहेको प्रहरीले बताएको छ। उनीहरु क्रमशः जवरजस्ती करणी मुद्दा र कर्तव्य ज्यानमुद्दामा कारागारमा थिए ।

# केपी ओलीविरुद्ध जाहेरी दर्ता भएको छैन, कपिलवस्तु प्रशासन

काठमाडौँ, २८ भदौ । जिल्ला प्रशासन कार्यालय कपिलवस्तुले निवर्तमान प्रधानमन्त्री केपी शर्मा ओलीविरुद्ध जाहेरी दर्ता भएको भन्दै विभिन्न सञ्चारमाध्यममा आएको समाचारबारे स्पष्टीकरण दिएको छ । प्रशासनले एक विज्ञप्ति जारी गर्दै पूर्वप्रतिनिधि सभा सदस्य अभिषेक प्रसाद शाहले ओलीविरुद्ध कपिलवस्तुका प्रमुख जिल्ला अधिकारीमार्फत जाहेरी दिएको भन्ने समाचारमा कुनै सत्यता नभएको जनाएको हो । सहायक प्रमुख जिल्ला अधिकारी पदमलाल लामिछानेले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'शाहले 'ज्ञापनपत्र बुझाउन छ' भनी पत्र पेस गर्नुभएको थियो तर सो पत्र जाहेरीको स्वरूपमा रहेकाले नियमानुसार घटना घटेको स्थानमा जाहेरी दिन सुझाइएको हो । यसबारे कुनै कारबाही गर्ने जिम्मेवारी जिल्ला प्रशासन कार्यालयको नभएको जानकारी गराइएको छ ।'

समाजबाट छुवाछुत प्रथा हटाउने दायित्व प्रत्येक नागरिकको हो । छुवाछुतलाई कानूनले दण्डणीय अपराध घोषणा गरेको छ ।

### सामान फिर्ता ...

आग्रह गर्दै प्रशासनले यसको अवज्ञा भए संलग्न व्यक्तिहरूमाथि प्रचलित कानुनबमोजिम कारबाही हुने चेतावनीसमेत दिएको छ ।

## प्रधानमन्त्रीसमक्ष आन्दोलनका घाइते भएकाहरुले भने

# हाम्रो योगदान खेर नजाओस्



काठमाडौं, २८ भदौ । प्रधानमन्त्री सुशीला कार्कीले 'जेनजी' आन्दोलनमा घाइते भई मीनभवनस्थित निजामती अस्पतालमा उपचाररत युवालाई भेटेर उनहरूको स्वास्थ्य अवस्थाबारे जानकारी लिएकी छन् । प्रधानमन्त्री कार्कीले आज अपराह्न उक्त अस्पतालमा उपचाररत घाइतेहरूको स्वास्थ्य अवस्थाबारे जानकारी लिएको अस्पतालका कार्यकारी निर्देशक प्राडा मोहनचन्द्र रेग्मीले जानकारी दिए । "प्रधानमन्त्रीले घाइतेको स्वास्थ्यस्थितिबारे जानकारी लिनुभयो। त्यसक्रममा उहाँहरूले आफ्नो स्वास्थ्यबारे प्रधानमन्त्रीलाई जानकारी गराउँदै आफूले देशका लागि दिएको बलिदान खेर नजाओस्, प्रधानमन्त्रीले देशलाई निकास दिनुपर्छ। पुनःअर्को पुस्ताले आन्दोलन गर्नु नपरोस् भन्नुभयो," डा. रेग्मीले भने ।

प्रधानमन्त्री कार्कीले मुलुकको अवस्था परिवर्तन गर्न हरसम्भवन प्रयत्न गर्ने प्रतिबद्धता व्यक्त गरिन् । कार्यकारी निर्देशक रेग्मीका अनुसार गत सोमबार यता चार सय ५७ घाइते अस्पताल पुगेकामा ४४ जनालाई अन्यत्र 'रेफर' गरिएको थियो । तीन सय ६४ जना उपचारपछि घर फर्किसकेका छन्। अस्पताल भर्ना भएका ४९ मध्ये ११ जना हाल उपचाररत छन् । गम्भीर घाइते एक जनाको सघन उपचार कक्षमा उपचार भइरहेको छ भने ४५ जनाको शल्यक्रिया तथा सात जनाको पुनः शल्यक्रिया गरिएको छ । निजामती अस्पतालमा उपचारका क्रममा छ जनाको मृत्यु भएको थियो ।

# पुनको आविष्कार केन्द्र पाउडर कोटिङ मेसिन बनाउँदै

पर्सा, २८ भदौ । राष्ट्रिय आविष्कार केन्द्रले कृषि औजार कारखाना वीरगन्जमा पाउडर कोटिङ मेसिन निर्माण थालेको छ । कारखानाबाट उत्पादन हुने कृषि औजारलाई रङ्गाउन यो उपकरण उपयोगी हुनेछ । केन्द्र वीरगन्जका प्रमुख तथा इन्जिनियर रितेश देवले केन्द्रले आफ्नै प्रयोगका लागि यो मेसिन तयार गर्न लागेको बताए । 'पाउडर कोटिङ मेसिन निर्माणको काममा करिब ५० प्रतिशत सफलता मिलिसकेको छ,' उनले भने, 'सम्भवतः एक महिनाभित्र यो मेसिन निर्माण भइसक्छ ।' यो मेसिनको उत्पादन लागत २० लाख रुपैयाँ रहेको इन्जिनियर देवको भनाइ छ । पछिल्लो समय केन्द्रले उत्पादन गरेको धान गोड्ने प्याडी विडर उपकरणको अत्यधिक माग आएको उनले बताए । स्टेनलेस स्टिलबाट बनाइएको यो उपकरणको मूल्य ४ सय ५० रुपैयाँ रहेको छ । यसै सिजनमा ६० वटाभन्दा बढी यो उपकरण बिक्री भइसकेको छ ।

धान रोप्ने हाते मेसिन राइस प्लान्टर, कोदो रोप्ने मिलेट प्लान्टर र माछा पालनमा उपयोगी हुने फिस इन्क्युवेटर तथा अक्सिजन टावरको उपकरण केन्द्रले बिक्री गरिरहेको छ । केन्द्रले जेठमै लेजर वेल्डिङ मेसिनका रुपमा नयाँ उपकरण कारखाना भित्र्याएको थियो । ३ हजार वाटको उक्त उपकरण १८ लाख रुपैयाँमा खरिद गरिएको हो । केन्द्रका अध्यक्ष एवम् वैज्ञानिक महावीर पुनले आत्मकथा पुस्तक बिक्री गरेर संकलन गरेको रकमबाटै हाल कारखाना सञ्चालनको सबै काम अघि बढेको उनले बताए । कारखानाले हालसम्म धान काट्ने रिपर, आलु खन्ने डिगर, आलु रोप्ने प्लान्टर, धान रोप्ने राइस प्लान्टर, गोबर पेल्ने डङ्ग डिवाटरिङ, प्लाष्टिक बनाउने मल्चर, सुक्खा घाँस काट्ने, धान गोड्ने, खन्ने मेसिनको सफल परीक्षण उत्पादन गरिसकेको छ ।

कारखानामा हाल तीन दर्जनभन्दा बढी जनशक्ति कार्यरत छन् । २०७९ माघ १ देखि केन्द्रले नेपाल सरकारबाट यो कारखाना आफ्नो जिम्मामा लिई सञ्चालन गरिरहेको छ । २०२४ सालमा तत्कालीन राजा महेन्द्रले शिलान्यास गरी सञ्चालनमा आएको कृषि औजार कारखाना २०४६ सालको परिवर्तनपछि रुग्ण अवस्थामा गएपछि २०४९ सालमा बन्द गरिएको थियो । नेपाल सरकारले वाचा गरेअनुसार कारखाना सञ्चालन गर्न २० करोड रुपैयाँ नदिएको गुनासो गर्दै केन्द्रका सञ्चालक वैज्ञानिक महावीर पुन आत्मकथा पुस्तक बेचेर उक्त रकमको जोहो गर्ने अभियानमा छन् । हालसम्म उनले पुस्तक बिक्रीबाट १२ करोड रुपैयाँभन्दा बढी संकलन गरिसकेका छन् ।








मार्गानुगामी राष्ट्रिय दैनिकका लागि प्रकाशक : राम बाबु यादव, सम्पादक : कमलेश कुमार यादव, सह-सम्पादक : सत्य नारायण चौधरी, कानुनी सल्लाहाकार: कृष्ण प्रसाद दंगाल कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ e-mail : mgnd2070@gmail.com, website : www.marganugami.com, मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)